गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

## मिति २०७९।०९।१४ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को छैटौं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको तर्फबाट आगामी आर्थिक वर्ष २०८०।०८१ को लागि संघीय समपुरक तथा विशेष अनुदान अन्तरगत देहायका योजनाहरु माग गरी पठाउने निर्णय गरियो।

| | | |
|---|---|---|
| समपुरक अनुदान तर्फ | | |
| १ | गैंडाकोट रिङरोड (वडा नं. १०-१७, क्रमागत) | अनुमानित लागत ४ करोड |
| २ | वडा नं. ६ को वडा कार्यालय भवन निर्माण | अनुमानित लागत १ करोड ३० लाख |
| ३ | वडा नं. १ को वडा कार्यालय भवन निर्माण | अनुमानित लागत १ करोड ३० लाख |
| विशेष अनुदान तर्फ | | |
| १ | जातिय सङ्ग्राहलय भवन निर्माण (वडा नं. ४) | अनुमानित लागत १० करोड |
| २ | क्षेत्रीय रङ्गशाला पुर्वाधार निर्माण (वडा नं. ४ र ८) | अनुमानित लागत १० करोड |
| ३ | जयश्री खोला तटवन्धन (वडा नं. ४, ७, ८, र ९) | अनुमानित लागत ४ करोड |
| ४ | नारायणी मा. वि. भवन निर्माण (वडा नं ७) | अनुमानित लागत १ करोड ५० लाख |
| ५ | बेल्डिया खोला तटवन्धन (वडा नं. १३ र १६) | अनुमानित लागत ४ करोड |

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको नगर प्रहरी ऐन,२०७९ र नगर खेलकुद विकास ऐन, २०७९ बैठकमा प्रस्तुत भई छलफल भयो। उक्त ऐनका सन्दर्भमा सबै सदस्यहरुले थप अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिका भित्रका भुमिहिन सुकुम्बासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीहरुको लगत संकलनको प्रकृयामा छुट भएकाहरुको निवेदन संकलनको लागि एकपटकको लागि राष्ट्रिय भुमि आयोगमार्फत ३५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको आ.व. २०७९/०८० मा स्वीकृत बार्षिक योजना कार्यान्वयन गर्ने शिलशिलामा उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरुको लागि आवश्यक पर्ने नदिजन्य पदार्थ उपभोग गर्न गण्डकी प्रदेश सरकारले तोके बमोजिमको राजश्व जम्मा गर्न लगाई तोकिएको स्थानबाट मापदण्ड अनुसार उपयोग गर्न दिने निर्णय गरियो।

**निर्णय नं. ५** गैंडाकोट नगर विपद् व्यवस्थापन समितिको मिति २०७९।०९।०८ गतेको बैठक तथा सो का निर्णयहरुको सन्दर्भमा बैठकमा छलफल गरियो। नगर विपद् व्यवस्थापन समितिबाट भएको निर्णय बमोजिम विशेष परिस्थिति परी नगर कार्यपालिकाको कार्यालयबाट छोटो सूचना जारी गरी नारायणी नदी किनारबाट नदिजन्य पदार्थ घाटगद्दी गर्ने र सो को लागि नगर विपद् व्यवस्थापन कोषको रकम उपयोग गर्ने, नारयणी नदी तटवन्धन आयोजनाको लागि आवश्यक क्रसर राख्न अनुमती दिने तथा नारायणी नदी किनारको जग्गा आयोजनाको लागि आवश्यक क्याम्प लगायतको संरचना निर्माण गरी आयोजना अवधीभर नगरपालिकालाई भाडा निर्धारण समितिबाट निर्धारित भाडा तिरी प्रयोग गर्न दिने निर्णय गरियो।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक बजेटमा लक्षित वर्ग तर्फ ज्येष्ट नागरिक लक्षित कार्यक्रम, दलित लक्षित कार्यक्रम र सुचीकृत महिला/आमा समूहका सदस्यहरुका लागि अनुशिक्षण कार्यक्रम शिर्षकमा विनियोजन भई बाँकी रहेको बजेट सम्पूर्ण वडाहरुमा दामासाहीले वितरण गरी सम्बन्धित वर्गको हितमा वडा समितिबाट निर्णय गरी सम्बन्धित शाखाको समन्वयमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिका वडा नं. १४ स्थित महालक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्थाले गरेको माग र सम्बन्धित वडाबाट आएको सिफारिस बमोजिम उक्त संस्थाको भवन निर्माणको लागि नगरपालिकाको आन्तरिक श्रोतबाट रु. १० लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिका वडा नं. १५ मा झरेखोलाको तटबन्धनको लागि सम्बन्धित निर्माण व्यवसायीले दिएको निवेदन तथा पूर्वाधार शाखाबाट पेश भए बमोजिम मध्यवर्ती क्षेत्र नपर्ने वडा नं. १५ को खण्डमा लगाउने तटवन्धको लागि प्रति घनमिटर रु. ८८६।९१ रोयल्टी लिने गरी उक्त खोलाको ढुङ्गा संकलन गरी तटवन्धन गराउने निर्णय गरियो ।

**निर्णय नं. ९** बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको समाजमा पुनः एकीकरण  कार्यक्रमको लागि श्रम तथा रोजगार मन्त्रालयमार्फत संघीय सरकारबाट विनियोजन हुने बजेटमा नगरपालिकाको तर्फबाट १० प्रतिशत रकम साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** गैंडाकोट नगरपालिकाको कार्यालय तथा न्यायिक समितिलाई विविध कानूनी विषयमा राय, सल्लाह र सुझावको लागि आवश्यक कानूनी सल्लाहकारको रुपमा गैंडाकोट वडा नं. ४ निवासी अधिवक्ता (नं. ६२७३) श्री जनकराज ढुङ्गानालाई नियुक्त गरी निजलाई रु. १५,०००।- मासिक पारिश्रमिकको रुपमा उपलब्ध गराउने ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख